परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

❑ वर्ष १४ ❑ अंक ३० २०८२ फागुन १० आईतवार Sunday, 22 FEB 2026 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

'कोशीको गौरव हिमालको सान
पर्यटन वर्षमा सबैलाई सम्मान'
कोशी प्रदेश पर्यटन बर्ष,
२०८२ सफल पारौं ।
प्रदेश सरकार
पर्यटन, वन तथा वातावरण मन्त्रालय
कोशी प्रदेश नेपाल

## प्रतिनिधीसभा निर्वाचन : मोरंग-३
## नयाँ र पुराना अनुहार बीच रोचक प्रतिस्पर्धा


डा. सुनिल शर्मा
नेपाली काँगेस


इरान राई
नेकपा (एमाले)


गणेश कार्की
रास्वपा


डा. देउमान सम्बाहाम्फे
नेकपा

विराटनगर । मोरंगको वामपन्थी किल्लाको रुपमा रहेको मोरंग निर्वाचन क्षेत्र नं. ३ मा २०७४ सालको निर्वाचनमा नेकपा एमालेका भानुभक्त ढाकाले विरासत जोगाएका थिए । त्यो विरासतलाई २०७९ को निर्वाचनमा नेपाली काँग्रेसका उम्मेदवार डा. सुनिल शर्माले वामपन्थी किल्ला भत्काएर विजय हासिल गरेका थिए । यही फागुन २१ गते हुने प्रतिनिधी सभाको निर्वाचनमा पुराना दल, पुराना अनुहार र नयाँ दल, नयाँ अनुहार बीच रोचक प्रतिस्पधा देखिएको छ ।

पहिलेको निर्वाचनहरुमा शर्माले माओवादी र समाज वादीको साथ लिएर जित निकालेका थिए । त्यस्तै ढकालले पनि बाम गठवन्धनको सहायतामा जित निकालेका थिए । यस पटक त्यो अवस्था छैन । नयाँ र पुराना दलहरु एक्ला एक्लै प्रतिस्पर्धामा उत्रिदा पुराना पार्टीका उम्मेदवार हरुलाई नयाँ पार्टीका नयाँ उम्मेदारहरु चुनौति दिई रहको छ । नेकपा एमालेका भानुभक्त ढकालले मोरंग छाडेर तेहथुमा उम्मेदवार बनेका छन् ।

मोरंग क्षेत्र नं. ३ मा नयाँ पुराना दलहरु र स्वतन्त्र गरी १८ जना उम्मेदवारहरु प्रतिस्पधामा रहेका छन् । यस पालिको प्रतिस्पधामा नेपाली काँग्रेसका साविक विजेता डा. सुनिल शर्मा, नेपाल कम्युनिष्ट पार्टी एमालेबाट इरान राई, राष्ट्रिय स्वतन्त्र पार्टीबाट गणेश कार्की, नेपी कम्युनिष्ट पार्टीबाट डा.देवमान सम्बाहाम्फे रहेका छन् । यी चारैजनामा कडा प्रतिस्पधा हुने आमजनताको आकलन रहेको छ ।

यी उम्मेदवारहरुले पार्टीको घोषणपत्र वाहेक आफ्नै क्षेत्रको लागि समेत आ-आफ्नै घोषण पत्र जारी गरी मतदातालाई लोभ्याउनेगरी प्रतिवद्धता पत्र जारी गरेका छन् । मोरंग क्षेत्र नं. ३ लाई कयापलट हुने गरी शिक्षा, स्वास्थ्य, कृषि, रोजगारी

वांकी अन्तिम पेजमा...

## विराट राजवंशीको वृहत भेला सम्पन्न

**राजेश कुमार राजवंशी**

विराटनगर । विराट राजवंशी समुदयलाई आदिवासी जनजाति मा सुचीकृत लगायतका माग पुरा गराउन १८ वर्षदेखि लागि रहेको भए पनि बहिरो सरकार हाम्रो माग नसुन्ने भन्दै पुन: १९ औं वृहत भेला बुधवार सम्पन्न गरेका छन् ।

वृहत भेलाका प्रमुख अतिथि कोशी प्रदेशका पर्यटन, वन तथा वातावरण मन्त्री भीम पराजुलीले विराट राजवंशी समुदायले लगातार आफ्नो माग राखेर गतिविधीहरु गर्दै आएको भएपनि सरकारले माग पुरा नगर्नु सरकारको कमजोर भएको भन्दो आफुले विराट राजवंशी जातिलाई आदीवासी जनजातीमा सुचिकृत गर्न पहल गर्न वताए ।

सोही अवसरमा विराट राववंशी समुदायका विभिन्न क्षेत्रका उत्कृष्ठ व्यक्तित्वहरुलाई सम्मन समेत गरेका थिए । सममानितह हुनेहरुमा शिक्षा सेवाबाट अवकास प्राप्त सिधु राजवंशी, लक्ष्मीकान्त विश्वास र रामसागर मण्डललाई सम्मान गरिएको थियो । त्यस्तै नेपार दुरसञ्चार संस्थावाट अवकास प्राप्त बोध नारायण राजवंशी, मकालु टेलिभिजनका पदम कुमार सरदार, कला र संगीत क्षेत्रबाट प्रवलदीप विश्वास , कार्तिक राजवंशी, माला राजवंशी, र रमेश रावंशीलाई सम्मान प्रदान गरिएको थियो ।

त्यसैगरी हवाई चालक (पाईलट) सिमोन राजवंशी, जातिय संस्थालाई तनमन धनले सहयोग गर्ने पशुराम राजवंशी, , रेनका राजवंशी, देव शंकर राजवंशीलाई विशेष सम्मान गरिएको थियो ।

विराट राववंशी समुदायले विगत १८ वर्ष देखि बिराट राजवंशीलाई आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा छुट्टै

वांकी अन्तिम पेजमा...

## भयरहित वातावरणमा निर्वाचन गराउन सबै पक्षको सहयोग आवश्यक



विराटनगर । कोशी प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले फागुन २१ गते हुने प्रतिनिधिसभाको निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्ने सबैको सहयोग आवश्यक रहेको वताएका छन् ।

राष्ट्रिय समाचार समिति कोशी प्रदेश कार्यालय विराटनगरद्वारा राससको ६५ औं वार्षिकोत्सव एवं पुरस्कार समर्पण समारोहका प्रमुख अतिथि पराजुलीले बुधवार सो कुरा वताएका थिए । निर्वाचनको विरूद्वमा गर्ने गतिविधि र आचारसंहिता उलघन गर्नेलाइ कार्वाहीको दायरा ल्याई निष्पक्ष निर्वाचन गराउन संचारकर्मीहरूको उल्लेख्य रहेको वताउँदै राससले परम्परागत भन्दा अलग्ग , सुदृढ एवं प्रविधि मैत्री समाचार उत्पादन गर्नुपर्नेमा जोड दिएका थिए ।

साृही अवसरमा 'बासु रिमाल यात्री 'स्मृति पुरस्कारबाट रासस विराटनगरकी कार्यालय सहयोगी गौरी कारञ्जीतलाई नगद ७ हजार ७ सय ७५ एवं प्रमाणपत्रबाट सम्मानित गरेका थिए ।

मन्त्री पराजुलीले भने नेपालीको सबभन्दा ठूलो समाचार उत्पादन गर्ने संस्था राससले डिजिटलमा प्रवेश गरी विश्वस्नीय समाचार संस्थाको रूपमा विकास गर्नुपर्नेमा जो दिएका थिए ।

सोही अवसरमा नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य कमल रिमालले विगतको भन्दा राससले अहिले आफ्ना समाचारमा सुधार गरेको धारणा राख्दै नीजि क्षेत्रका समाचार संस्थाको माग अनुसार समाचार उत्पादन गर्न आग्रह गरेका थिए ।

नेपाल पत्रकार महासंघ कोशीका अध्यक्ष भरत खडकाले राससले आफ्नो वार्षिकोत्सवमा सबै प्रदेशका एक-एक जना समाचारदातालाई पुरस्कृत गर्नुपर्नेमा जोड दिदै जिल्ला समाचारदाताको पारिश्रमिक वृद्धि गर्नुपर्ने सुझाव सुझाव दिएका थिए ।

नेपाल पत्रकार महासंघ मोरङकी अध्यक्ष सुशिला पाठकले राससले आफ्नो सेवालाई २४ घण्टा सञ्चालन गर्नुका साथै विभिन्न राष्ट्र भाषामा समाचार, अडियो, भिडियो सेवा एवं परीक्षणको रुपमा पोडकाष्ट गरेकोमा धन्यवाद दिएका थिए ।

समारोहमा पत्रकारहरुको विभिन्न संघसंस्थाका प्रतिनिधि एवं विभिन्न सञ्चारमाध्यममा कार्यरत सञ्चारकर्मीहरुको सहभागिता रहेको थियो । सो कार्यक्रम रासस प्रदेश कार्यालय विराटनगरका प्रमुख मोहम्मद सदरुलको अध्यक्षतामा सम्पन्न भएको थियो ।



क्राईम अपरेशन
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

## प्रतिनिधीसभा...

लगायतका नाराहरु दिएर भोट मागि रहेका छन् ।

क्षेत्र नं. ३ बाट २१ जनाको उम्मेदवारी दर्ता गराएको मध्ये ५ स्वतन्त्र सहित राष्ट्रिय उर्जाशील पार्टीका भुवनकुमार वाग्ले, नेपाल मजदुर किसान पार्टीका पर्शुराम विश्वास थारु, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका डिल्लीवहादुर जबेगु, नेपाल कम्युनिष्ट पार्टी ( माओवादी) का खड्गबहादुर कार्की , राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रेमप्रसाद सुवेदी, मंगोल नेशनल अर्गनाइजेसनका बिकेन्द्र राई,संयुक्त नागरिक पार्टीका विदुर अधिकारी, श्रम संस्कृति पार्टी अमिर मगर, जनता समाजवादी पार्टी नेपालका मजेबुल रहमान, आम जनता पार्टीका कमलकुमार राई, जय मातृभूमि पार्टीका नवराज मास्के र उज्यालो नेपाल पार्टीका मित्रसेन योञ्जनले उम्मेदवारी दिएका छन् । स्वतन्त्रमा दलवहादुर थापा, सुरेश लिम्बु, कन्चन न्यौपाने, तेजप्रसाद भण्डारी र गणेश मिश्रको उम्मेदवारी परेको छ ।

क्षेत्र नं. ३ का सुरेश लिम्वु, कञ्चन न्यौपाने, दलबहादुर थापाले उम्मेदवारी फिर्ता लिएपछि चुनावी प्रतिस्पधामा अहिले १८ जना उम्मेदवारहरु रहेका छन् ।

क्षेत्र नं. ३ मा पथरी शनिश्चरे नगरपालिकाको १ देखि १० नं. वडा सम्म, कानेपोखरी गाउँपालिकाको ४ देखि ७ वडा सम्म, बेलवारी नगरपालिकाको १ देखि ४ र ९ देखि ११ सम्म सुन्दर हरैचाको वडा १ र ८ देखि १२ सम्म पर्दछ । मतदाता संख्या १ लाख ५८ हजार ५७ रहेको छ ।

## विराट... NO SMOKING

सुचिकृत गर, राज्यको हरेक अंङमा विराट राजवंशीको स्थान सुनिश्चित गर, कोशी प्रदेशसभा सदस्यमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर, विराटनगरको प्रथम जातिको रुपमा बिराट राजवंशीलाई घोषना गर, राज्यको प्रत्येक तह र अंगमा छुट्टै आरक्षणको व्यवस्था गर, विराट राजवंशी बसोवास गर्ने विराट राजवंशी स्वायत्त परिषद घोषणा गर, विराट दरवारलाइ पर्टकीय क्षेत्रको रुपमा विकास गर, कोशी प्रदेश भित्र सार्वजनिक विदा घोषणा गर लगायतको माग राख्दै भेला गर्दै आएका छन् ।

आसन्न निर्वाचन सकिए पछि दवाब स्वरुप संघर्षका कार्यक्रमहरु अगाडी बढाउने भन्दै विराट राजवंशी समुदाय उत्थान समितिका अध्यक्ष भूवनेश्वर राजवंशी वृहत भेला समापन गरेका थिए ।

# खतिवडाको प्रतिवद्धता पत्र सार्वजनिक

उर्लाबारी । नेकपा एमालेको तर्फबाट मोरङ क्षेत्र नम्वर १ मा प्रतिनिधि सभा सदस्यका उम्मेदवार घनश्याम खतिवडाले आफ्नो चुनावी प्रतिबद्धता-पत्र सार्वजनिक गरेको छ । उर्लाबारीमा आयोजित पत्रकार सम्मेलन मार्फत शनिवार उहाँले चुनावी प्रतिवद्धता सार्वजनिक गरेका हो ।

सार्वजनिक गरिएको प्रतिबद्धता-पत्रमा तमोर चिसाङ डायभर्सन परियोजनालाई राष्ट्रिय गौरवको योजनाका रूपमा सम्पन्न गर्ने, साथै क्षेत्रका सिँचाइ कुलो, पैनी र नहरको निर्माण तथा स्तरोन्नति, कृषि आधुनिकिकरण, पकेट क्षेत्र निर्धारण, कृषि जोन ,सुपर जोन निर्माण, पर्यटन विकास गुरुयोजना तयार गरी प्राकृतिक, ऐतिहासिक, पुरातात्त्विक, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्ने योजना रहेको छ ।

स्थानीय कच्चा पदार्थमा आधारित साना, घरेलु तथा ठूला उद्योग सञ्चालनमा प्रोत्साहन गर्ने तथा सामुदायिक विद्यालयहरूको भौतिक र शैक्षिक गुणस्तर सुधारका लागि स्थानीय सरकारसँग समन्वय गर्ने उल्लेख गरिएको छ ।

घोषणापत्रमा प्रादेशिक अस्पताल मदन भण्डारी ट्रमा सेन्टर मंगलबारेलाई प्रदेशकै नमुना अस्पतालमा स्तरोन्नति गर्ने, युवाले सञ्चालन गरेका नवप्रवर्तन, उद्योग र व्यवसायलाई सहुलियत तथा सहुलियत कर्जा कार्यक्रम मार्फत प्रोत्साहन गर्ने योजना रहेको छ ।

यसैगरी निर्माणाधीन तथा प्रस्तावित सडक योजनाहरू सम्पन्न गरी स्तरोन्नति गर्ने, सार्वजनिक जवाफदेहिता, पारदर्शिता, सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ जस्ता सुशासनका औजार पूर्ण रूपमा कार्यान्वयन गर्ने तथा संघीय संसदमा दर्ता भएका शिक्षा विधेयकसहित जनहितका कानुन निर्माणमा सक्रिय भूमिका खेल्ने खतिवडाले प्रतिवद्धता जनाउनु भएको छ ।




## मतदान किन गर्ने ?

- लोकतन्त्रमा नागरिकले शासन व्यवस्थामा सहभागी हुन ।
- योग्य जनप्रतिनिधीको छनौट गर्न ।
- नागरिक कर्तव्य निर्वाह गर्न ।
- जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गर्न ।
- निर्वाचनका माध्यमबाट शासन व्यवस्थालाई बैधता प्रदान गर्न ।
- असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरी सुशासन कायम गर्न ।

नेपाल सरकार, विज्ञापन बोर्ड

## चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।

जाडो तथा चिसोको समयमा,
- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या , दम, निमोनिया, झाडापाखाला, छाला सुख्खा हुने,जोर्नी दुखाई, पिनास, टन्सिल,हृदयघात लगायतका स्वास्थ्य लगायतका समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घ रोगीहरु बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाउऔं ।
- तातो, पोसिलो, झोलिलो खाने कुरा खाऔ र खुवाऔं ।
- शारिरीक व्याम गरौं, धुम्रपान र मद्यपान नगरौं ।
- घर तथा कोठा न्यानो बनाऔं ।
- नियमित घाम ताप्ने गरौं ।

स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।

वडा अध्यक्ष : अर्जुन गिरी
१० नं. वडा कार्यालय विराटनगर महानगरपालिका, मोरंग




परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२, ९८०७३५२२१३
संवाद दाता : मंजु शर्मा कार्यालय विराटनगर-८ कम्प्युटर लेआउट : विजय कु.मण्डल
मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# राजनीति प्रतिवद्धता

प्रतिनिधीसभा निर्वाचन आउन एक हप्ता केही दिन वाँकी रहँदा प्राय सवै ठूला तथा साना दलहरुले आफ्नो प्रतिवद्धतापत्र, करारपत्र, वाचापत्र लगायतका नाम दिएर घोषणपत्र जारी गरी सेकेका छन्। त्यसमा पनि उम्मेदवारहरुले आफ्नने क्षेत्रको लाग छुटै समेत घोषणपत्र जारी गर्ने क्रम जारी रहेको छ। ती घोषणपत्रहरु हेर्दा अस्वभाविक देखिन्छ। प्रतिवद्धता पत्रमा उल्लेख गरेको योजनाहरुलाई पुरा गराउने बजेटको वारेमा कहि कतै उल्लेख गरेको पाईदैन। पछिल्लो राजनीतिक अभ्यासले सो प्रतिवद्धता धेरैजसो अस्वभाविक र खोक्रो भाषा मात्र भएको अनुभव गराएको छ।

राजनीतिक दलहरूले जनताका आकांक्षालाई सम्बोधन गर्ने बताए पनि व्यवहारमा स्वार्थ, सत्ता पर्खाइ र अवसरवाद का भिन्न रूपहरू देखिएका छन्। राजनीतिमा प्रतिवद्धता भन्नु मात्र नेताहरूका घोषणापत्र र भाषणहरूलाई दोहोऱ्याउनु हो भन्ने बुझाइ फैलिएको छ। यसले गर्दा "नेता प्रतिवद्ध छन ?" भन्ने प्रश्नको जवाफ प्राय : नकारात्मक नै देखिन्छ। अस्वभाविक प्रतिबद्धता तब उत्पन्न हुन्छ जब प्रक्रिया र परिणामबीचको अन्तर खुलाईने गरिँदैन, र नेतृत्वको प्राथमिकता केवल स्वत : सुरक्षा, पार्टी हित र व्यक्तिगत प्रतिष्ठा जस्ता तत्वहरूमा सीमित रहन्छ।

पत्रकारिता र नागरिक समाजले यस खामलाई उजागर गर्न महत्वपूर्ण भूमिका खेल्नुपर्दछ। पत्रकारिता स्वतन्त्र रुपमा राजनीतिक दल तथा नेताहरूका दाबी र वास्तविक कार्यबीचको अन्तर उजागर गर्ने माध्यम बन्नुपर्छ। यसले मात्र अस्वभाविक राजनीतिक भाषणलाई चुनौती दिँदै, सच्चा प्रतिवद्धता सहितको राजनीतिक संवाद स्थापित गर्न मद्दत पुग्छ। नागरिकहरूले चाहनु पर्ने राजनीतिक प्रतिवद्धता अर्थपूर्ण, मापन योग्य, र जिम्मेवार हुनुपर्दछ। केवल भाषणहरुमा मात्र होइन, प्रत्यक्ष जीवनमा असर पुऱ्याउने प्रतिवद्धता कुनै राजनीतिक दलको देखिदैन।

# साप्ताहिक राशिफल

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन** (क,कि,कु,घ,ङ,छ,के,को,ह) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह** (मा,मि,मु,मे,मो,टा,टि,टु,टे) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या** (टो,प,पी,पू,ष,ण,ठ,पे,पो) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला** (रा,री,रु,रे,रो,ता,ती,तु,ते) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक** (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : **बुद्धिको प्रभावले ठुला–ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु** (यो,भा,भी,भू,ध,फा,ढ,भे) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर** (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ।**

**मीन** (दी,दु,थ,झ,ञ,दे,दो,च,ची) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# सत्ताको सिँढी : रगत र राजनीति

- नेपालको राजनीतिक इतिहासमा रगत र परिवर्तनको सम्बन्धबारे चर्चा गरिएको छ, विभिन्न आन्दोलन र द्वन्द्वहरूमा भएका मानवीय क्षतिको विश्लेषण गरिएको छ।
- विभिन्न घटनाहरूमा भएका हिंसा र दमनका कारणहरू केलाउँदै, राज्य र जनताबीचको द्वन्द्वको चित्रण गरिएको छ, र शहीदहरूको अवमूल्यन भएको कुरा उठाइएको छ।
- विकासका उपलब्धिहरू र चुनौतीहरूको समीक्षा गर्दै, युवाहरूलाई विवेकपूर्ण निर्णय लिन र रगतको राजनीतिलाई त्याग्न आह्वान गरिएको छ।

**सञ्जीव पौडेल**

नेपालको आधुनिक राजनीतिक इतिहास केवल घटनाहरूको फेहरिस्त होइन, यो रगतको मसीले लेखिएको एउटा वियोगान्त महाकाव्य हो। जब हामी वि.सं. १९९७ सालतिर फर्केर हेर्छौं, राणा शासनको कठोर अन्धकार चिर्न चार जना वीर सपुतहरूले आफैँलाई होइन, देशलाई रोजे।

शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठले आफ्नो प्राणको आहुति दिए। त्यो बलिदान एउटा प्रारम्भिक कम्पन थियो, जसले सुतिरहेको नेपाली चेतनालाई पहिलोपटक झकझकायो। त्यतिबेला राज्य र जनता आमने-सामने उभिएका थिए। यो घटना लिखित अभिलेखभन्दा बढी सामाजिक स्मृतिमा सुरक्षित छ। यसले स्पष्ट पाऱ्यो कि त्यो समय राज्य आफैं जनताको विरोधी थियो।

विरोधको जवाफ संवाद होइन, फाँसी र गोली थियो। यसरी नेपालको राजनीतिक इतिहासमा राज्य र जनता बीचको द्वन्द्व स्थापित भयो। दुःखद पक्ष के रह्यो भने, त्यहींदेखि एउटा परम्पराको जग बस्यो, जहाँ 'परिवर्तन' र 'रगत' पर्यायवाची मानिन थालियो। रगतले कसको कुर्सी सुरक्षित गर्छ भन्ने प्रश्न सधैं ओझेलमा रह्यो।

वि.सं. २००७ सालमा झिनो अधिकारसहितको प्रजातन्त्र आयो। वि.सं. २०१५ मा निर्वाचन भएको दुई वर्ष नहुँदै २०१७ मै प्रजातन्त्र खोसियो। प्रजातन्त्र पुनर्बहालीका लागि २०३६ सालको आन्दोलन भयो। पञ्चायती व्यवस्थाको एकतन्त्रीय घेराभित्र दबिएको नागरिक चेतना सतहमा आएको यो पहिलो ठूलो विस्फोट थियो।

विद्यार्थी, बुद्धिजीवी र सचेत नागरिकले स्वतन्त्रताको सास फेर्न चाहेका थिए। आन्दोलन मूलतः शान्तिपूर्ण र वैचारिक थियो, तर राज्यको प्रतिक्रिया सधैं झैं दमनकारी रह्यो। लाठीचार्ज, सामूहिक गिरफ्तारी र गोली प्रहार भए। आजसम्म ती मृतकहरूको ठोस सरकारी तथ्यांक उपलब्ध छैन।

दर्जनौं घाइते र केही शहीदका तथ्यहरू इतिहासको छायाँमा दबिएका छन्। आन्दोलनले जनमत संग्रहसम्म बाटो खोल्यो, तर एउटा गम्भीर प्रश्न छोड्यो– के नागरिकको माग पूरा गर्न राज्यले सधैं हिंसा गर्नुपर्छ ? २०३६ ले सिकाएको पाठ यही थियो कि सडकमा रगत देखेपछि मात्र सत्ताले सुधारको कुरा गर्छ। यसले नेपाली राजनीतिमा 'सडक हिंसा' लाई वैधता दिएको पाइन्छ।

२०४६ सालको जन आन्दोलन नेपाली राजनीति मा 'सफल आन्दोलन' का रूपमा चित्रित हुन्छ। पञ्चायत ढल्यो। बहुदलीय प्रजातन्त्र आयो। जनताको अधिकारको ढोका खुल्यो। तर यसको मूल्य सस्तो थिएन। काठमाडौंका सडकदेखि तराईका फाँटसम्म गोली चलाइयो। आधिकारिक तथ्यांक नहुँदा अनुमानतः डेढ दर्जनभन्दा बढी नागरिक मारिए।

हामीले बहुदल पाए पनि त्यसँगै एउटा खतरनाक सन्देश संस्थागत भयो कि परिवर्तनका लागि रगत बग्नु सामान्य कुरा हो। नेताहरूले मञ्चबाट घोषणा गरे, 'शहीदको सपना पूरा भयो' तर वास्तविकतामा शहीद परिवारका सपनाहरू तिनै नेताका चिल्ला गाडी र महलका जगमुनि पुरिए। २०४६ सालपछि 'शहीद' शब्दको अवमूल्यन सुरु भयो। रगतलाई सत्तामा पुग्ने 'सर्टकट' बाटोका रूपमा हेर्न थालियो।

यसरी हजारौं मानिसको रगतले २४० वर्षभन्दा धेरै शासन गरेको राजतन्त्र ढल्यो। गणतन्त्र आयो। तर शहीदले परिकल्पना गरेको नेपाल यही थियो ?

२०४६ को उपलब्धिले आम जनताको जीवनमा खासै परिवर्तन आएन भनेर माओवादी सशस्त्र द्वन्द्व देखा पऱ्यो। वि.सं. २०५२ फागुन १ गते सुरु भएको यो युद्ध २०६३ मंसिर ५ गतेको शान्ति सम्झौतासम्म पुग्दा नेपाली समाजका लागि सबैभन्दा रक्तरञ्जित अध्याय बन्यो।

आधिकारिक तथ्यांक अनुसार १७ हजारभन्दा बढी मानिस मारिए। करिब १३ सय बेपत्ता भए। लाखौं विस्थापित बने। युद्धमा राज्य र विद्रोही दुवै पक्षले 'मुक्ति' र 'न्याय' का नारा दिए, तर सबैभन्दा ठूलो मूल्य सर्वसाधारण नागरिकले तिरे। २०६२/०६३ को आन्दोलनमा २५ जनाभन्दा बढीले बलिदान दिए।

यसरी हजारौं मानिसको रगतले २४० वर्षभन्दा धेरै शासन गरेको राजतन्त्र ढल्यो। गणतन्त्र आयो। तर शहीदले परिकल्पना गरेको नेपाल यही थियो ? युद्ध सकियो, राजनीति मूलधारमा आयो, संविधान बन्यो। तर पीडितका घाउहरू राज्यको प्राथमिकतामा परेनन्। रगतको मूल्य सत्ता र सम्झौताको बन्द कोठामा विलीन भयो।

द्वन्द्वपछिको कालखण्डमा मधेश आन्दोलन सुरु भयो। यो ऐतिहासिक रूपमा उपेक्षित समुदायको आवाज थियो। २०६३ देखि २०६५ का बीचमा ३० भन्दा बढी मानिस मारिए। अधिकांश मृत्यु सुरक्षाकर्मीको गोलीबाट भयो। संविधानमा केही माग समेटिए, तर यहाँ पनि संवादभन्दा रगतले आफ्नो भावी बाटो कोरेको देखियो।

२०६३ चैत ७ गते रौतहटको गौरमा भएको घटना नेपाली राजनीतिको गहिरो कलंक हो। २७ जनाको निर्मम हत्या भयो। शवहरू खुला ठाउँमा फ्याँकिए। राजनीति जनतालाई अमानवीय बनाउने उपकरण बनेको देखियो। यति ठूलो नरसंहारको न्यायिक निष्कर्ष आजसम्म निस्किएको छैन। आरोपितहरू अझै राजनीतिक मैदानमा सक्रिय छन्।

त्यस्तै, २०७२ को टीकापुर घटनाले अर्को गहिरो घाउ बनायो। थरुहट आन्दोलनमा ७ जना सुरक्षाकर्मी र एक नाबालकको ज्यान गयो। देशभर ध्रुवीकरण बढ्यो। विडम्बना, हिजो दोषी ठहरिएका व्यक्तिहरू आज फेरि राजनीतिक दल बदल्दै सत्ताको केन्द्रमा छन्। जब दण्डहीनता राजनीतिमा संस्थागत हुन्छ, तब रगतको होली खेल्न कसैलाई डर लाग्दैन। हिजो राजनीति र अपराधको परिभाषा खोज्नेहरू आफ्नो स्वार्थ मिलेपछि अपराधलाई राजनीति बताइदिए।

संविधान बनेपछि देशले राजनीतिक प्रणाली पायो। नागरिक अपेक्षा थियो, राजनीतिक दलहरू अब विकासमा केन्द्रित हुनेछन्। तर राजनीतिक दलहरूले यथार्थभन्दा भावनात्मक कुरा बढी गरे। एक अर्कामा आरोप-प्रत्यारोप सुरु गरे। सत्तामा हुँदा र प्रतिपक्षमा हुँदा बोली फेरियो। यति हुँदा पनि विश्व बैंक र युएनडीपीका तथ्यांक अनुसार विगत ३० वर्षमा नेपालले ठूला उपलब्धि हासिल गरेको छ।

यो उपलब्धि २०४८ साल देखि नै सुरु भए पनि मुख्यत २०७२ देखि २०८२ सम्म भएका थिए। सडक सञ्जाल १४ हजार किलोमिटरबाट १ लाख किलोमिटर पुगेको छ। यो नेपालको कनेक्टिभिटीमा आएको क्रान्ति हो। यसले ग्रामीण अर्थतन्त्रलाई बजारसँग जोडेको छ। विद्यालयको संख्या र साक्षरता दर बढेको छ। पालिका-पालिकामा स्वास्थ्य चौकी र अस्पताल खुलेका छन्। स्वास्थ्यमा सुधार आएको छ।

खानेपानी सुविधा १० प्रतिशत जनताले मात्रै पाएका थिए, अहिले झण्डै नब्बे प्रतिशत नागरिकलाई खानेपानी पुगेको छ। अन्धकार भएको देशमा झण्डै ९५ प्रतिशत बिजुली पुगेको छ। एचडीआई ( ज्म्क्) मान ०.४६० बाट ०.६२० पुगेको छ। न्यून मानव विकासको ट्यागलाई पछि छोड्दै मध्यम मानव विकासको श्रेणीमा नेपाल प्रवेश गरेको छ। गरिबी ४२ प्रतिशतबाट १७ प्रतिशतमा झरेको छ।

तर कृषिमा संलग्न जनसंख्या ६५ प्रतिशतबाट घटेर २७ प्रतिशतमा आएको छ। कृषि क्षेत्रबाट पलायन हुने जनशक्तिलाई व्यवस्थापन गर्नु अबको मुख्य चुनौती देखिन्छ। विगत ३० वर्षमा केही भएन भन्नु तथ्याङ्कगत रूपमा गलत हो। राजनीतिमा केही खराब व्यक्तिहरू हुन सक्छन्। अस्थिरता चाहनेहरूले भएका विकासलाई नजरअन्दाज गरी नकारात्मक सन्देश फैलाएका हुन सक्छन्।

एक माओवादी नेताले भनेका थिए 'युद्धमा युवालाई मर्न तयार पारेका हौँ। घर छोडेर आएका युवाले विज्ञान बुझ्दैनन्, उनीहरूलाई भावनामा विकास गरिएन भने मर्न तयार हुँदैनन्।'

तर, पछिल्लो भदौको घटनाले वास्तविकतालाई अर्कै कोणबाट बयान गरिरहेको छ। ती दिनहरूमा जसले सडक तताए, जसले विद्रोहको नाममा उत्तेजना फैलाए, जसले ज्यान जाने अवस्था सिर्जना हुने गरी भिड उकासे ती स्वयं भने पर्दाभित्र सुरक्षित बसे। अगाडि उभ्याइए तिनै निमुखा युवा, जो भावनामा बगे, जो नारामा हराए, जो राजनीति बुझ्नभन्दा पहिले भिडमा धकेलिए उनीहरू त्यसको शिकार भए।

एक माओवादी नेताले भनेका थिए 'युद्धमा युवालाई मर्न तयार पारेका हौँ। घर छोडेर आएका युवाले विज्ञान बुझ्दैनन्, उनीहरूलाई भावनामा विकास गरिएन भने मर्न तयार हुँदैनन्।' यही मनोविज्ञान भाद्रको विद्रोहमा पनि प्रयोग भएको देखिन्छ। विद्यालयका अबोध बच्चाहरूलाई भावनामा उक्साएर राजनीतिक हतियार बनाइयो। योजना बन्द कोठामा बन्छन्, तर मृत्यु सडकका निमुखा युवाले भोग्छन्।

ढुंगा हान्ने, प्रहरीसँग जुध्ने र अन्त्यमा गोलीको सामना गर्ने आम युवाहरू थिए। तर निर्णय लिने र लाभ उठाउनेहरू सुरक्षित दूरीमा रहेकाहरू देखिए। १९ जनाको ज्यानको बदला भन्दै थप ५७ जनाको ज्यान गयो। यो कसले किन गऱ्यो ? यसका बारेमा धेरै खोजी भएको पाइँदैन। यो विद्रोहको पछाडि कसको के उद्देश्य थियो छानबिन आयोग र भविष्यले बताउँदै जाला।

अहिले फागुन २१ को चुनाव नजिकिँदै गर्दा, केही राजनीतिक दलहरूले भदौका ती घटनालाई आफ्नो चुनावी एजेन्डा बनाएको पाइन्छ। जसले युवालाई सडकमा

बाँकी ५ पेजमा...

# मोरङ्गको धनपालथान गाउँपालिका वडा नं. ३ मा रहेका ग्रामथानको परिचय

श्याम सुन्दर सुतिहार

**९. राजा माहुर र दयावती ग्रामथान, मायागञ्ज**

धनपालथान गाउँपालिका वडा नं. ३, मायागञ्ज चौकदेखि पूर्व, सडकको उत्तरतर्फ बाँसको घारीमा अवस्थित ग्रामथान हो ।

यस थानमा हरेक वर्ष वैशाख ५ गते गाउँवासीको सहयोगमा पूजापाठ र मेला आयोजना गरिन्‌ ।स्थानीय ६० वर्षीय स्थानीय धामी आनन्दलाल राजवंशीका अनुसार ग्रामथानमा फलफूल, पूजा सामग्री, ठठेलका घोडाजस्ता सामग्री प्रयोग गरिन्छ । तर हाल ग्राम थानहरू अत्यन्त अव्यवस्थित अवस्थामा रहेको बताइएको छ ।



सखुवाको खम्बा र टिनको छाना प्रयोग गरी निर्माण गरिएकोग्रामथान अहिले ती संरचनाहरू भत्किएर सकिएका छन्‌ ।

समाजले चन्दा संकलन गरेर पूजापाठ त गरिरहेको छ । तर अरूले भाकल पूरा भएपछि बलि दिने चलन अझै रोकिएको छैन, केही हदसम्म चल्दै आएको छ ।

**१०. ग्रामथान, मायागञ्ज**

धनपालथान गाउँपालिका वडा नं. ३, मायागञ्ज टोलमा सडकदेखि पश्चिमतर्फ ग्रामथान अवस्थित छ।

बाबु-बाजेको पालादेखि पूजापाठ हुँदै आएको यस ग्रामथानमा हाल पनि त्यही परम्पराले निरन्तरता पाएको छ । प्रत्येक वर्ष वैशाख १३ गते गाउँवासीको सहयोगमा सुरेन्द्र मण्डल (केवट) ले पूजापाठ गर्दै आएका छन्‌ ।

स्थानीय ६२ वर्षीय उपेन्द्र मण्डल (केवट) ले दिएकोजानकारी अनुसार ग्रामथानमा बाँस, कर्चि, सन्ठी र पराल प्रयोग गरी दक्षिण मुखी दुईवटा र पश्चिममुखी एउटासहित तीनवटा छाप्रोहरू बनाइएका छन्‌ ।



त्यहाँ पूजापाठका अतिरिक्त भाकल पूरा भएपछि बोकाको बलि र मिठाइ चढाउन अन्य दिनहरूमा पनि विभिन्न ठाउँबाट भक्तजनहरू आउने गर्छन्‌ ।

पुजारी सुरेन्द्र मण्डलका अनुसार गाउँपालिका र वडाले सहयोग गरेमा पक्की संरचना निर्माण गर्न स्थानीयबासी तयार रहेकाछन्‌। उनीहरू आफनो तर्फबाट सानोतिनो सहयोग र श्रमदान गर्न पनि तयार छन्‌ ।

**११. दानावती ग्रामथान**

धनपालथान गाउँपालिका वडा नं. ३, मायागञ्ज टोलको बाटोदेखि पूर्वतर्फ दानावती ग्रामथान रहेको छ ।

यो ग्रामथानको स्थापना कहिले भएको हो थाहा छैन तर पनि बाबु-बाजेको पालादेखि नै सञ्चालनमा रहेको बुढापाकाहरू अनुमान लगाउँछन ।

स्थानीय ५५ वर्षीय अकालु सरदारका अनुसार प्रत्येक वर्ष वैशाख १५ गते गाउँवासीको सहयोगमा पूजापाठ र मेला आयोजना गरिन्छ।



ग्रामथानमा बाँस र कर्चीको टाटीमाथि टिनको छानासहित दक्षिणमुखी दुईवटा र पश्चिममुखी सानो एउटा कोठा रहेको ग्रामथान छ ।

ग्रामथानको वार्षिक पूजामा एकजोडीपाठापाठी, परेवा, अण्डा, केला, फलफूल लगायतका सामग्री आवश्यक हुने जानकारी ४५ वर्षीय रोहित मण्डलले दिएका हुन्‌ ।


तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७
९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:०० बजेदेखि दिउँसो १२:०० बजेसम्म ।


## नेपाली नक्कली नोट सहित सब्जी बजारबाट एक पक्राउ

सुनसरी । सुनसरीको इनरुवा नगरपालिका-५ स्थितबाट नेपाली नक्कली नोट सहित १ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

फागुन ५ गते इनरुवा- १० का २५ बर्षीय आजाद मियाले इनरुवा-५ स्थित सब्जि बजारमा किनमेल गर्दा ५ सयको नोट नक्कली रहेको संकालागि प्रहरीलाई खबर गर्ना साथ जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरी टोलीले पैसा दिने मियालाई नियन्त्रणमा लिइ शरिर खानतलासी गर्दा ५ सय दरको ८ थान नक्कली नेपाली रुपैयाको नोट बरामद गरेको थियो ।

पक्राउ परेका उनको थप अनुसन्धान भईरहेको छ ।

## लागुऔषध सहित एक पक्राउ

धनकुटा । धनकुटाको साँगुरीगढी गाउँपालिका-७ गर्जुवा स्थित जंगलबाट लागू औषध गाँजा सहित २ जनालाई पक्राउ गरीएको छ ।

फागुन ५ गते बिषेश सुचनाको आधारमा कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरको प्रादेशिक अनुसन्धान समुह र प्रहरी चौकी मुलघाटबाट धनकुटाबाट खटिएको प्रहरी टोलीले चेकजाँचको क्रममा सेतो प्लाष्टिको बोरा भित्र १० वटा बोरामा भएको २ सय ५ किलोग्राम गाँजा सहित सोहि स्थानका ३३ बर्षीय प्रकाश राई र ३४ बर्षीय अशोक राईलाई नियन्त्रणमा लिएको थियो ।


वडा वासीहरुको लागि जनहितमा जारी सूचना
- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
वडा अध्यक्ष : प्रकाश साह
१५ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश



वडा वासीहरुको लागि जनहितमा जारी सूचना
- आफ्नो घर आगँन सफा राखौ ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ ।
- सडक बाटोको अतिक्रमण नगरौ ।
वडा अध्यक्ष : बासु ब. बस्नेत
३ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश

# मोरंग-५ को उम्मेद्वार अग्रवालद्धारा प्रतिवद्धता सार्वजनिक

विराटनगर । मोरंग क्षेत्र नं. ५ प्रतिनिधीसभा सदस्य निर्वाचनका उम्मेदवार नेपाल कम्युनिष्ट पार्टी ( एमाले) का मनोज कुमार अग्रवालले कयापलट हुने सोमवार आफ्नो प्रतिवद्धतापत्र सार्वजनिक गरको थियो ।

इमानदार, शान्त सोभाव, विकास प्रेमी, कर्मठ, युवा तथा जनपक्षीय उम्मेदवार अग्रवालले तर्फबाट फाल्गुन २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनलाई लक्षित गरी मतदाता समक्ष प्रतिवद्धतापत्र सार्वजनिक गरेको थियो ।

अग्रवाल आफ्नो विद्यार्थी कालदेखि नै पार्टी र जनताको पक्षमा ससक्त आवाज बुलन्द गर्दै आएकोमा पार्टीले जनताको सेवकको रुपमा खडा गरेकोले मोरङ्ग जिल्लाका ६ वटा क्षेत्र मध्ये विकास निर्माणको हिसाबले पछि परेका हुनाले समग्रह परिर्वतन र उत्थानको लागि प्रतिवद्धतापत्र सार्वजनिक वहाँको भनाइ छ ।

प्रतिवद्धतापत्रको पूण विवरण

नेपालको राजनैतिक इतिहासमा प्रत्येक लोकतान्त्रिक एवम् बाम आन्दोलनको नेतृत्व गर्दै आएको पार्टी नेकपा (एमाले) नेपाली श्रमजीवी जनताको एकमात्र सशक्त र मुलधारको पार्टी हो । विगतमा हजारौं सहिद तथा जनयोद्धाहरुको बलिदान बाट निर्माण भएको यो पार्टी आज नेपालको समाजवादी आन्दोलनको एक मात्र नेतृत्वदायी शक्ति बनेको छ ।

यसै सन्दर्भमा यही फागुन २१ गते हुन गाइरहेको प्रतिनिधी सभाको निर्वाचनलाई लिएर मोरंङ्गको क्षेत्र नं. ५ मा आफ्नो विद्यार्थीकालदखि नै पार्टी र जनताको पक्षमा ससक्त आवाज बुलन्द गर्दै आउनुभएका यूवा तथा जनप्रिय उम्मेदवार क. मनोज कुमार अग्रवाललाई यसपटक पार्टीले जनताको सेवकको रुपमा खडा गरेको छ । मोरंङ्ग जिल्लामै विकास निर्माणको हिसावले पछि परेको क्षेत्र नं. ५ को समग्रह परिवर्तन र उत्थानको लागि उम्मेदवारको तर्फबाट प्रस्तुत गरिएका केही मुख्य प्रतिवद्धताहरु निम्न रहेका छन् ।

**१. भौतिक पूर्वाधार एवम् सडक निमाणका क्षेत्रमा :-**

क) रंगेली-विराटनगर जोड्ने हुलाकी मार्गलाई मापदन्ड अनुसार स्तरोन्नति गर्नुको साथै आधुनिक सुविधा सम्पन्न नमुना मार्गमा विकास गरिने छ ।

ख) रंगेलीको चोप्राहा हुँदै दक्षिणी सीमा क्षेत्रमा पूर्व पशि्चम नयाँ सडकमार्गको निर्माण गरी विराट राजाको दरबार हुँदै रंगेली स्थित संसारीमाई एवम् काली मन्दिर जोड्ने पर्यटन मार्गको निर्माणका लागि विशेष पहल गरिनेछ ।

ग) मोरंग निर्वाचन क्षेत्र नं. ५ भित्र पर्ने विराटनगर महानगरपालिका का विशेष गरी वडा नं. १३ देखि १८ सम्मका वडाहरु, जहदा गाउँ पालिका र धनपालथान गाउँपालिका का सबै वडा एवं रंगेली नगरपालिका का वडा नं. ४, ५, ६ र ७ का सम्पूर्ण वडाभित्र रहेका बाटो-घाटोहरुमा आगामी ५ वर्ष भित्र आवश्यक ढल नाला निर्माण सहित कालो पत्रे कार्य सम्पन्न गर्न पहल गरिने छ ।

घ) यस क्षेत्रमा बसोवास गर्ने सम्पूर्ण जनताको घर आगनमा बिजुली बत्ती, स्वच्छ खानेपानी नाला ढल निकास तथा टेलीफोन जडान लगायतका कार्यहरु ५ वर्ष भित्रमा सम्पन्न गर्न पहल गरिने छ ।

ङ) स्वच्छ हरियाली पर्यावरण निमार्णका लागि क्षेत्रभित्रका सम्पूर्ण सडक मार्गका किनारा लगायत खाली पर्तीजमीनमा वृक्षरोपण कार्यलाई अभियानका रुपमा अगाडि बढाइने छ ।

च) जिल्लामै पछाडि परेको क्षेत्र नं. ५ को शिघ्र विकासका लागि एक "क्षेत्रीय विकास तथा पुन:निर्माण कोष खडा गरी कार्यान्वयनमा ल्याउन विशेष पहल गरिने छ ।

**२. कृषि सिंचाइ तथा तटबन्धनका क्षेत्रमा :-**

क) विराटनगर-रंगेली क्षेत्रका केही वडा सहित विशेषगरी धनपालथान र जहदा गाउँपालिका लाई जिल्लाकै विशेष कृषि जोनको रुपमा विकास गरिने छ ।

ख) यस क्षेत्रका किसानहरुको आय-वृद्धिका लागि प्रयाप्त सिंचाईको व्यवस्थासहित सहुलियत दरमा कृषि मल-खाद विउ-विजन, कृषि औजार, किटनाशक औषधि आदिको प्रबन्ध गरिनेछ । बिक्रीवितरण र भन्डारणका लागि वडा तहदेखि नै विशेष प्रवन्ध मिलाइनेछ ।

ग) विशेष कृषि करिडोरहरुको निर्माण गर्नुका साथै नि:शुल्क तथा सहुलियत दरमा जहदा तथा धनपालथानपालिका भित्र डिपबोरिङ्ग सिँचाईको प्रबन्ध गरिने छ ।

घ) यस क्षेत्रमा रहेका बक्राहा चिसाङ्ग, लोहन्द्रा, सिघिया, केशलिया लगायतका खोलानालाहरुलाई विशेष सिचाई प्रयोजनमा उपयोग गरिनुका साथै बाढी कटानलाई रोक्न आवश्यक स्थानहरुमा तटवन्धनको व्यवस्था गरिनेछ ।

**३. शिक्षा तथा स्वास्थ्यका क्षेत्रमा**

क) यस क्षेत्रमा रहेका सबै सामुदायिक विद्यालयहरुको स्तरोन्नति गरिनेछ । सम्पूर्ण विद्यालय, मदरसा एवं गुम्बाहरुमा पक्की भवन निमार्ण गर्नुका साथै आधुनिक कम्प्युटर तथा इन्टरनेटहरुको व्यवस्था गरिनेछ ।

ख) यस क्षेत्रमा रहेका सम्पूर्ण सामुदायिक तथा निजी विद्यालय हरुको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विशेष योजना बनाई लागु गरिनुका साथै प्रत्येक वडा तहमा कम्तीमा एक सामुदायिक विद्यालय लाई नमुनाको विद्यालय बनाउन विशेष योजना बनाइने छ ।

ग) रंगेलीको जनता क्याम्पस लाई थप सुविधा सम्पन्न बनाइनुका साथै जहदाको दुर्गा उच्च मा.वि. लाई बहुमुखी क्याम्पस र धनपालथानको सर्वोदय उच्च मा.वि. लाई प्राविधिक क्याम्पसको रुपमा स्तरोन्नति गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ । प्रत्येक विद्यालयहरुमा सुविधायुक्त खेल मैदानहरुको निर्माण गरिनेछ ।

घ) यस क्षेत्रमा खेलकुदको विकासका लागि विराटनगरको रानी क्षेत्रमा एक अन्तराष्ट्रियस्तरको रंगशाला र धनपालथान, जहदा गाउँपालिका र रंगेली नगरपालिका मा पालिका स्तरीय रंगशाला निमार्ण गर्न पहल गरिनेछ ।

ङ) बेरोजगारी समस्या न्युन गर्दै यस क्षेत्रको गरिबीलाई हटाउन व्यावसायीक तथा सीपमुलक शिक्षाको विकासका साथै कम्तीमा प्रत्येक पालिकामा एक-एक तालिम केन्द्रहरुको स्थापना गर्न पहल गरिनेछ । त्यस्तै मा.वि. तथा कलेजहरुमा पढ्ने विद्यार्थीहरुले चाहेमा काम गर्दै (कमाउँदै) पढ्न सकिने व्यवस्था मिलाउन विशेष पहल गरिनेछ ।

च) रंगेली अस्पताललाई आधुनिक सुविधा सम्पन्न बनाउनुका साथै धनपालथान, जहदा र विराटनगरको रानी क्षेत्रमा थप सुविधा सम्पन्न अस्पतालहरु निमार्ण गर्न पहल गरिनेछ ।

छ) यस क्षेत्रमा रहेका सबै वडाहरुमा प्राथमिक स्वास्थ्य चौकीको निमार्णमा पहल गरिने छ ।

ज) स्वास्थ्य बिमा कार्याक्रममा यस क्षेत्रका सम्पूर्ण जनतालाई सुलभताका साथ सहभागी गराइनेछ । आर्थिक विपन्न, असक्त र सिमान्तकृत वर्ग तथा जाति-समुदायको हकमा नि:शुल्क बीमा गराउने व्यवस्थाका लागि पहल गरिने छ ।

झ) यसक्षेत्र भित्रका विद्यार्थी हरुका बीच वार्षिक रुपमा विद्यालय स्तरीय विभिन्न प्रतियोगीताहरु आयोजना गराई पुरस्कृत गरिने व्यवस्था मिलाइने छ ।

**४. उद्योग-व्यापार एवम् रोजगारीका क्षेत्रमा :**

क) मोरङ्गको ५ नं. क्षेत्र खासगरी मिल्स एरिया (रानी) विराटनगरमा रहेका विराटनगर जुटमिल्स, सुगरमिल, जुद्धम्याच फ्याक्ट्री, साबुन फ्याक्ट्री, टेक्सटाईल का कैयौं उद्योगहरु हाल बन्द भैसकेका हुँदा नेपाल सरकारको नाममा बांकी रहेका सबै उद्योग र जमिनलाई "विराट औद्यौगिक क्षेत्र" घोषणा गरी त्यस ठाउँमा नयाँ उधोगहरुको स्थापना र संचालनमा विशेष पहल गरिनेछ ।

ख) विराटनगरको दक्षिणी क्षेत्र लगायत जहदा, धनपालथान र रंगेलीमा सरकारी तथा निजी क्षेत्र दुबैको लगानीलाई प्रोत्साहन गरी कृषि तथा अन्य रोजगारमुलक नयाँ उद्योगहरु सञ्चालन गर्न पहल गरिने छ ।

ग) सबै पालिकाहरुमा विशेषगरी युवा तथा महिलाहरुलाई स्वरोजगार बनाई जनताको आयवृद्धि गर्न नि:शुल्क व्यावसायिक तथा सीपमूलक तालिमहरु सञ्चालन गरिने छ ।

घ) कृषि उपज तथा परमपरागत हस्तकलाबाट उत्पादन हुने सबै किसिमाका सामाग्रीहरुको विक्री वितरणलाई सहज बनाउन विशेष पहल गरिने छ ।

(ङ) विषेशगरी जहदा र धनपालथान पालिकालाई "बाली पकेट क्षेत्र" घोषणा गरी आवश्यक सिंचाई, शितभन्डारण, गोदाम र सुविधायुक्त कृषि बजारहरुको व्यवस्था गरिने छ ।

**५. धामिक, सांस्कतिक तथा पर्यटन विकासका क्षेत्रमा :-**

(क) सबैखाले धार्मिक स्थल, मठमन्दिर, मस्जित, बौद्धगुम्बा एवं चर्चहरुको पुन:निमार्ण सहित स्तरोन्नति गरिनेछ ।

ख) यस क्षेत्रमा बसोबास गर्ने सबै जाति तथा समुदायको भाषा, परम्परा एवं सांस्कृतिको उत्थान, विकास र सम्बर्द्धनका लागि पालिका स्तरीय सांस्कृतिक संग्रहालयहरु र एक बृहत क्षेत्रीय सांस्कृतीक संग्रालयको निमार्ण गर्न पहल गरिने छ । साथै सबै पालिका भित्रका मुख्य टोल वस्तीमा हो मस्टेहरु संचालनका लागि विशेष पहल गरिनेछ ।

ग) यस क्षेत्रभित्र रहेका सबै धर्मवालम्बी जनताको मृत्युपश्चात् गरिने दाहासंस्कार कर्म अन्तरगत का स्थलहरु आर्यघाट, कब्रिस्तान एवम गुम्बा आदिलाइ थप व्यवस्थित र सुविधा सम्पन्न बनाउन पहल गरिने छ ।

घ) यस क्षेत्रभित्र रहेका ऐतिहासिक विराटराजाको दरबार, काली मन्दिर, संसारी माई मन्दिर, महाराजथान, राम जानकी मन्दिर, हनुमान मन्दिर, तिरुपती बालाजी मन्दिर, गणेशथान, शिव मन्दिर, वैस्णब मन्दिर, काल भैरव, भगवती मन्दिर, दादरबैरियाको रणकाली मन्दिर, धनपालथान मन्दिर, विराटनगरको रानी पोखरी लगायत पाटी-पौवा, तालतलैया एवम सीमसार क्षेत्रहरुको पुननिर्माण तथा विकासका लागि विशेष पहल गरिनेछ । साथै यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि रिङ्गरोड मार्गको निर्माण गरी सबै क्षेत्रमा सहज पहुँचको विकास गरिनेछ ।

**६. शान्ति सुरक्षा, सुशासन एवं भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा**

क) जनतालाई शान्ति सुरक्षा प्रदान गर्नका लागि योजनाबद्ध दीर्घकालीन पहलहरु गरिनेछ । सबै पालिकाका सीमावर्ती क्षेत्रहरुमा थप सुरक्षा चौकीहरु स्थापना गर्नुका साथै थप गस्ती सहितको निगरानी बढाउन विशेष पहलकदमी गरिनेछ ।

ख) यस क्षेत्रमा सामाजिक विकृतिको रुपमा मौलाएर रहेको सुदखोरी, कालाबजारी, मिटरव्याजी एवं भ्रष्टाचारजन्य कार्यहरुलाई नियन्त्रण गर्न विशेष पहल गरिनेछ ।

७. युवा महिला तथा जेष्ठ नागरिकका समस्याका सम्बन्धमा

क) यस क्षेत्रमा युवा लक्षित रोजगार तथा स्वरोजगार कार्यक्रम हरु सञ्चालन गरिनेछ । युवाहरुको शारीरिक विकासका लागि प्रत्येक वडामा खेल मैदान, व्यायामशाला, खेलकुदका सामाग्रीहरु को व्यवस्था गर्न विशेष पहल गरिनेछ ।

ख) यस क्षेत्रमा महिला लक्षित आयमुलक कार्यक्रमहरु सञ्यालन गरिनेछ । महिला रोजगार तथा स्वरोजगारका विभिन्न व्यवसाायिक तथा सीपमूलक तालिमहरुको व्यवस्था सहित नि:शुल्क स्वास्थ जाँच जस्ता योजनाहरु सञ्चालन गरिनेछ ।

ग) यस क्षेत्रमा बसोबास गर्ने सबै जेष्ठ नागरिक बुबा-आमाहरुको निशुल्क स्वास्थ जाँच गर्ने व्यवस्था मिलाइनेछ ।

घ) यस क्षेत्रमा बसोबास गर्ने वृद्ध आमा-बुबाहरुको दिनचर्या, आराम र शान्तिका लागि निशुल्क रुपमा मठ मन्दिरहरुको दर्शन, भजनकृतन एवं तीर्थाटनका लागि विशेष योजना बनाई पहल गरिनेछ ।

**८. निमुखा तथा अशक्त वर्गलाई उचित न्याय निशाफ प्रदान गर्ने सम्बन्धमा**

क) यस क्षेत्रमा बसोबास गर्ने कतिपय निरक्षर, अशक्त र गरिब परिवारहरु अझैपनि शोषण दमन एवं अन्यायको शिकार भई बाँच्नु परिरहेको अवस्था छ । अत: तिनलाई संविधान प्रदत न्याय प्रदान गर्न नि:शुल्क परामर्श सेवाको व्यवस्था मिलाइने छ ।

ख) नेपालमा जन्मिएको वा लामो समयदेखि यही बसोवास गर्दै आएको भएता पनि विविध कारणले नागरिकता प्राप्त गर्नबाट वञ्चित व्यक्तिहरुको समस्या समाधान गर्ने सबालमा विशेष पहल गरिनेछ ।

ग) समाजमा अझैपनि विकृति को रुपमा रहेका महिला हिंसा, वाल विवाह तथा छुवाछुत प्रथालाई निर्मूल पार्न विशेष अभियानहरु संचालन गरिनेछ ।

**९) विविध क्षत्रका प्रवद्धन तथा विकास सम्बन्धमा :**

क) स्थानीय भाषा, संस्कृति, सीप र कलाको संरक्षण र विकास गर्न विद्यालय तहबाटै नीतिगत कार्यान्वयनका लागि पहल गरिनेछ । यस क्षेत्रमा बसोवास गर्ने विभिन्न क्षेत्रका स्रष्टाहरुको सम्मानका लागि विशेष कार्यक्रमहरु संचालन गरिने छ ।

ख) रंगेली-विराटनगर दक्षिणक्षेत्रको विकासकार्यलाई प्रमुख प्राथमिकतामा राखी रिङ्गरोड, कृषिरोड, सबै खोलानालाहरुमा आवश्यक पुल तथा झोलुङ्गे पुलहरुको निर्माण गरिनुका साथै सबै वडाहरुमा व्यवस्थित सामुदायिक भवनहरुको निर्माण कार्य सम्पन्न गर्न योजनाबद्ध पहल गरिनेछ ।

ग) विशेष गरी दलित, सिमान्तकृत एवं सुकुम्बासी जनताको स्थाई घर-बसोबासको व्यवस्था मिलाउन विशेष पहल गरिनेछ ।

घ) यस क्षेत्र भित्र पर्ने सबै वडाहरुमा वडा स्तरीय स्वस्थ खानेपानी टंकीहरुको निर्माण गरी सञ्चालनमा ल्याउन पहल गरिनेछ।

ङ) जनताको मौलिक हक तथा अत्यावश्यक सेवा सुविधाको ग्यारेन्टी राज्यबाट गराउने कुरामा निरन्तर पहल गरिनेछ । त्यस्तै सामाजिक सुरक्षा कार्यक्रमलाई थप प्रभावकारी बनाई यस क्षेत्रका श्रमिकहरुको हितको रक्षा गरिनेछ ।

च) जनतालाई मारपर्ने गरी स्थानिय तहबाट वृद्धि गरिदै आएका विभिन्न कर तथा शुल्कहरुलाई सकेसम्म कम गर्न विशेष पहल गरिनेछ ।

छ) विशेष गरी जहदा र धनपालथान गाउँपालिका भित्र डिप बोरिङ्गको व्यवस्था, सुकुम्बासी समस्याको स्थायी समाधान, गरिब वर्गका विद्यार्थीहरुका लागि नि:शुल्क छात्रवृत्ति, जेहेन्दार युवाका लागि उद्योग व्यापार संचालन गर्न बिनाधितो सरलकर्जाको व्यवस्थाका लागि विशेष कार्यक्रमहरु ल्याइनेछ ।

ज) यस क्षेत्रका सबै वडाहरुमा नमुना हाटबजारको निर्माण र विकास गरिनेछ । विशेष गरी विराटनगर र रंगेली क्षेत्रलाई आईटी हबको रुपमा विकास गरि युवा रोजगारीलाई बढावा दिन विशेष पहल गरिनेछ ।

झ) हाल अबरुद्ध रहेको रानी-कटहरी रेलवेको शिघ्र सञ्चालनमा पहल गर्नुका साथै छोटी रुटको रुपमा रानी-रंगेली रेलवे बिस्तार गर्न बिशेष पहल गरिने छ ।

यस प्रकार, माथि उल्लेखित मेरा मुख्य प्रतिबद्धताहरुका अतिरिक्त हाम्रो पार्टी नेकपा एमालेको तर्फबाट जारी गरिएको घोषणा पत्रलाई समेत पूर्ण रुपमा कार्यान्वयन गर्न म सार्वजनिक रुपमा प्रतिबद्धता व्यक्त गर्दछु । पार्टीले सङ्कल्प गरेको सम्बृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षालाई साकार पार्न म जनताको एक वफादार सेवकको रुपमा अहोरात्र लागि रहनेछु ।

अन्त्यमा, मोरङ्ग जिल्लाकै एक मात्र पिछडिएको ५ नं. क्षेत्रलाई विकासको मूलधारमा ल्याउन र यस क्षेत्रका बासिन्दाहरुको मुहारमा खुशीयाली ल्याउन एक सच्चा जनसेवकको रुपमा काम गर्ने अवसर प्रदान गर्न फाल्गुण २१ गते हुने प्रतिनिधि सभाको निर्वाचनमा मेरो पार्टीको चुनाव चिन्ह सूर्यमा आफ्नो अमूल्य भोट दिई अत्याधीक मतले विजय गराइदिनुहुन सबैमा हार्दिक अनुरोध गर्दछु । धन्यबाद। अभिवादन ॥ प्रतिवद्धता पत्रमा उल्लेखछ ।



मेरो क्षेत्र, मेरो जिम्मेवारी ।
जनताको सेवा सधैं अगाडि त्यसैले यस पटक क. मनोज अग्रवालको उम्मेद्वारी, मोरंग क्षेत्र नं. ५

# मोरंग क्षेत्र नं. ५ को उम्मेदवार यादवद्धारा प्रतिवद्धता सार्वजनिक

विराटनगर। जनता समाजवादी पार्टी नेपाल पार्टीबाट मोरंग क्षेत्र नं. ५ मा तेस्रो पटक प्रतिनिधिसभा सदस्यमा उम्मेदवारी दिएका राजकुमार यादवले "समृद्ध कृषि, शिक्षित यूवा, स्वस्थ समाज र दिगो पूर्वाधा यही हो मोरंग क्षेत्र नं. ५ को उज्वल भविष्यको आधार" नाराका साथ मंगलवार आफ्नो प्रतिवद्वतापत्र सार्वजनिक गरेको छ।

वहँले जनतामुखि प्रतिवद्वतापत्र ७ वटा बुद्दामा समेटिएको छ। शिक्षा : अब सम्झौता होईन गुणस्तर चाहिन्छ, स्वस्थ्य : उपचार होईन अधिकार, रोजगार : यूवा विदेश होईन अवसर, कृषि : किसानको पसिना अब सम्मानित हुनेछ, पूर्वाधार : विकास देखिने गरी, पर्यटन : पहिचानबाट समृद्धि, संरक्षणबाट विकास रहेकोछ।

प्राविधिक तथा सीपमुलक शिक्षा, बन्द उद्योग पुनः सन्चालन नयाँ उद्योग स्थापना, सुरक्षित खानेपानी विद्युत विस्तार, राजाको ऐतिहासिक दरबारको संरक्षण तथा सौन्दमकरण, भौतिक सांस्कृतिक तथा ऐतिहासिक, धार्मिक, धरोहरहरू लाई संरक्षण सम्बर्द्धन लगायतका प्रतिवद्वतापत्रमा समेटिएको छ।

त्यसैगरी भ्रष्टाचार विरुद्ध शुन्य सहनशीलता, जनताको अवाज सडक देखि सदनसम्म बुलन्द, सुकुम्बासीलाई अधिकार, आवास र सम्मान, मोरङ क्षेत्र नं. ५ लाई विकासको नमुना क्षेत्र बनाउने अटुट संकल्प लिएको उम्मेदवार यादवको भनाइछ।

**प्रतिबद्धता पत्र पूर्णपाठ**

मोरङ क्षेत्र नं. ५ का सम्मानित मतदाता दाजुभाई तथा दिदीबहिनीहरू अब मोरङ ५ प्रतीक्षामा होइन नेतृत्वको तयारीमा छ। अब विकास कागजमा सीमित रहने छैन, जमिनमा देखिनेछ। म तपाईहरु सामु स्पष्ट दृढ र कार्यान्वयन योग्य प्रतिवद्धता गर्दछु।



राजकुमार याद्व
प्रतिनिधीसभा सदस्य उम्मेद्वार
मोरंग क्षेत्र नं. ५

**शिक्षा : अब सम्झौता होइन, गुणस्तर चाहिन्छ**

- सामुदायिक विद्यालयलाई प्रविधिमैत्री र प्रतिस्पर्धी बनाइनेछ।
- प्राविधिक तथा सीपमूलक शिक्षाबाट युवालाई दक्ष बनाइनेछ।
- विपन्न र जेहेन्दार विद्यार्थीलाई अवसरबाट बन्चित हुन दिइने छैन।
- उच्च शिक्षाका अवसर स्थानीय स्तरमै सिर्जना गरिनेछ।

**स्वास्थ्य : उपचार होइन, अधिकार**

- प्रत्येक वडामा प्रभावकारी स्वास्थ्य सेवा।
- अस्पताल र स्वास्थ्य चौकीलाई आधुनिक साधन स्रोतले सुसज्जित।
- विशेषज्ञ चिकित्सक र आवश्यक औषधिको उपलब्धता सुनिश्चित।
- मातृ-शिशु तथा जेष्ठ नागरिक स्वास्थ्य प्राथमिकतामा।

**रोजगार : युवा विदेश होइन, अवसर यहीं**

- बन्द उद्योग पुनः सञ्चालन र नयाँ उद्योग स्थापना।
- सीप विकास, स्टार्टअप र स्वरोजगारमा प्रत्यक्ष सहयोग।
- सहुलियत ऋण मार्फत उद्यमशीलता प्रवर्द्धन।
- वैदेशिक रोजगारमा जाने युवाका लागि सुरक्षा र परामर्श केन्द्र।

कृषि : किसानको पसिना अब सम्मानित हुनेछ

- बाँझो। पर्ती जमीन राख्न नपाइने, उत्पादनमा जोड दिने।
- मल, बीउ र सिंचाइको सहज उपलब्धता।
- कृषि उपजको उचित मूल्य र बजारको सुनिश्चितता।
- आधुनिक कृषि प्रविधि र यान्त्रीकरणको विस्तार।
- दुध, तरकारी, फलफूल तथा पशुपालनमा विशेष अभियान।

**पूर्वाधार : विकास देखिने गरी**

- सडक कालोपत्रे, पुल निर्माण र ढल व्यवस्थापन तीव्र गतिमा।
- सुरक्षित खानेपानी र विद्युतको विस्तार।
- बाढी नियन्त्रण तथा तटबन्धमा विशेष योजना।
- कोष बजार, खेलमैदान र सामुदायिक संरचनाको निर्माण।

**पर्यटन : पहिचानबाट समृद्धि, संरक्षणबाट विकास**

- विराट राजाको ऐतिहासिक दरबारको संरक्षण तथा सौन्दयीकरण गरी राष्ट्रिय राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा प्रवर्द्धन।
- सन्सारीमाई मन्दिर (रंगेली) को भौतिक संरचना स्तरोन्नति तथा राष्ट्रिय स्तरमा प्रवर्द्धन।
- धार्मिक, सास्कृतिक तथा ऐतिहासिक सम्पदाको संरक्षण र अभिलेखीकरण।
- धार्मिक तथा सांस्कृतिक महोत्सव आयोजना गरी आन्तरिक र बाह्य पर्यटक आकर्षित गरिनेछ।
- ग्रामीण पर्यटन र होमस्टे विस्तारमार्फत स्थानीय आयआर्जनमा वृद्धि।
- पार्क, ताल-पोखरी तथा मनोरन्जन स्थलको विकास।
- पर्यटन क्षेत्रबाट युवालाई प्रत्यक्ष रोजगारी र उद्यम अवसर।

हाम्रो स्पष्ट संकल्प

- भ्रष्टाचारविरुद्ध शून्य सहनशीलता।
- जनताको आवाज सदनदेखि सडकसम्म चुतन्द।
- सुकुम्वासीलाई अधिकार, आवास र सम्मान।
- मोरङ ५ लाई विकासको नमूना क्षेत्र बनाउने अटुट प्रतिबद्धता।

अबकी बार राजकुमार

समृद्ध कृषि, शिक्षित युवा, स्वस्थ समाज र दिगो पूर्वाधार यही हो मोरङ क्षेत्र नं. ५ को उज्ज्वल भविष्यको आधार।

## सत्ताको...

पठाए, उनीहरू नै आज 'पीडितको आवाज' भनी नारा लगाइरहेका छन्। यो कस्तो विडम्वना हो ? दलहरूले ती मृतकका तस्विरहरू पोस्टरमा टाँसेर भोट मागिरहेका छन्।

अबका दिनमा रगतको व्यापार गर्नेहरूलाई चिन्नैपर्छ। 'रगत बगाउन सिकाउने नेता होइन, पसिना बगाएर देश बनाउन सिकाउने नेतृत्व' आजको आवश्यकता हो।

उनीहरूलाई ती युवाको मृत्युको शोक होइन, बरु त्यो मृत्युले दिलाउने सहानुभूति भोटको लोभ छ। उनीहरूले रगतलाई राजनीतिक लाभका लागि सौदाबाजीको विषय बनाएका छन्। चुनावको मुखमा रगतको कुरा गरेर जनताको ध्यान विकास र सुशासनबाट मोड्ने प्रयास भइरहेको छ। रगतलाई राजनीतिको 'इन्धन' बनाउने यो खेल अब रोकिनुपर्छ।

नेपाली राजनीतिमा एक गलत भाष्य स्थापित भयो– बलिदानबिना केही हुँदैन। तर बलिदान सधैं गरिबकै छोराले किन दिनुपर्छ ? नेताका छोराछोरी सुरक्षित बस्छन्, जनताका छोराछोरी अधिकारका लागि मर्छन्। नेपाली युवाहरू अब 'ढाल' बन्नु हुँदैन; 'विवेकी' बन्नुपर्छ। ढुंगा र गोलीको राजनीतिले देश बनेको भए नेपाल आज संसारकै समृद्ध हुन्थ्यो। तर यहाँ केवल चिहानहरू थपिए, मान्छेको जीवनको मूल्य थपिएन।

अबका दिनमा रगतको व्यापार गर्नेहरूलाई चिन्नैपर्छ। 'रगत बगाउन सिकाउने नेता होइन, पसिना बगाएर देश बनाउन सिकाउने नेतृत्व' आजको आवश्यकता हो। भाषणको उत्तेजनामा आएर सडकमा ज्यान फाल्नुअघि सोच्नुपर्छ– के यो बलिदानले मेरो परिवार र देशको भविष्य बदल्छ कि केवल कसैको कुर्सी सुरक्षित गर्छ ?

अब समय आएको छ, रगत बगाएर सत्ता चढ्ने राजनीति टिक्नु हुँदैन। इतिहास रगतले लेखिन सक्छ, तर देशको भविष्य योजना, दृष्टिकोण, चेतना, विकास र शान्तिले मात्र बनाउँछ। भगवद् गीतामा भनिएको छ– सत्य खोज्ने भीडभन्दा माथि उठ्नुपर्छ।

चाणक्य नीतिमा भनिएको छ, 'सत्य लोकप्रिय हुन्छ भन्ने छैन, तर लोकप्रियताका लागि सत्य त्याग्नु हुँदैन।' विज्ञान भन्छ, 'लोकप्रियताले होइन, प्रमाण र परीक्षणले सत्य तय हुन्छ। तसर्थ सत्य खोज्न भीडको पछि नलाग्नु, विवेक, साहस र यथार्थको बाटो रोज्नु नै उत्तम हुन्छ। शहीदको नाम बेचेर गरिएको राजनीतिले कहिल्यै न्यायपूर्ण समाज निर्माण गर्न सक्दैन। अबको नेपाल 'शहीद थप्दै जाने देश' होइन, 'सुखी र समृद्ध नागरिकको देश' बन्नुपर्छ। रातोपाटीबाट सभार




# लागुऔषध ब्राउन सुगर सहित ११ पक्राउ

धनकुटा। यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई लक्षित गर्दै नेकपा एमालेले शुक्रवारबाट धनकुटा नगर क्षेत्रमा मतदाता भेटघाट तथा घरदैलो अभियान सुरु गरेको छ।

प्रतिनिधि सभा सदस्य पदका उम्मेद्वार राजेन्द्र राई र समानुपातिक उम्मेद्वार मनकुमारी तितुङसहितको टोलीले धनकुटा नगरक्षेत्रमा घरदैलो थालेको छ। धनकुटाका सात पालिकामध्ये चौबिसे गाउँपालिका, साँगुरीगढी गाउँपालिका, पाखीवास नगरपालिका, छथर जोरपाटी गाउँपालिका र महालक्ष्मी नगरपालिकामा मतदाता भेटघाट सकेर टोली धनकुटा नगरक्षेत्र प्रवेश गरेको थियो।

धनकुटा नगरको वडा नं.१ को हिले र २ को भीरगाउँमा मतदाता भेटघाट तथा घरदैलो कार्यक्रम गरिएको एमाले धनकुटाका प्रचार विभाग प्रमुख रविन कटेलले जानकारी गराएका थिए। हिले बजारमा भएको घरदैलो कार्यक्रममा स्वतःस्फूर्त रुपमा ठूलो संख्यामा एमाले नेता कार्यकर्ताहरू सहभागि भएको थियो।

झण्डा र व्यानरसहित सहभागि नेता कार्यकर्ताहरूले बजारमा एमाले गीतमा नृत्य गर्दै माहोल तताएको थियो। शनिवार वडा नं.३ को कागते, पाल्ते, सेउले र वडा नं.४ को दानावारी क्षेत्रमा घरदैलो कार्यक्रम गरेको थियो।


## वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।

वडा अध्यक्ष : हरीश चन्द्र सहनी

६ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश



## वडा वासीहरूको लागि जनहितमा जारी सूचना

- आफ्नो घर आगँन सफा राखौ।
- सार्वजनिक स्थानमा जथाभावी फोहोर नफालौ।
- समयमै कर तिरेर, विकासमा योगदान गरौ।
- विकासमा विवाद होईन, योगदान गरौ
- वडालाई प्रदुषण मुक्त हराभरा बनाऔ।
- सामाजिक विवादलाई भिडेर होईन, छलफलबाट हल गरौ।
- स्वास्थय सम्बन्धि मापदण्डहरुको पूर्ण पालना गरौ।
- विवाह दर्ता, जन्म दर्ता, मृत्यु दर्ता, बसाइँ सराई दर्ता लगायतका पञ्जिकरण गरौ।
- सडक बाटोको अतिक्रमण नगरौ।



वडा अध्यक्ष : संतोष न्यौपाने

५ नं. वडा कार्यालय,
विराटनगर महानगरपालिका,
मोरंग, कोशी प्रदेश